केराबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
केराबारी,मोरङ
शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम प्रकाशित मिति: २०७५/०३/१६)
(दोश्रो पटक प्रकाशित मिति:२०७५/०४/०२)

यस केराबारी गाउँपालिका अन्तर्गत निम्न लिखित विषयमा आ.व. २०७५/०७६ को आन्तरिक स्रोत व्यवस्थापन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को गाउँपालिका वित्तीय अधिकार अन्तर्गत कर असुलको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक फर्म , कम्पनी, संघ संस्था तथा व्यक्तिहरुले तपसिल बमोजिमको सेवा सर्तको अधिनमा रही सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र बोलपत्र फारम खरिद गरि ८औ दिनको मध्यान्न १२ बजे भित्र बोलपत्र दर्ता गर्ने शिलबन्दी बोलपत्र आव्हान गरी यो सुचना प्रकाशित गरिएको छ ।

तपशील

| सी नं | ठेक्का नं | ठेक्का विवरण | न्युनतम ठेक्का रकम (मु.अ. कर सहित) | बोलपत्र फारम दस्तुर(फिर्ता नहुने) ) |
|---|---|---|---|---|
| १ | २/ राजस्व | गाउँपालिका निकासी | ९,००,०००(नौ लाख) | १,००० (एक हजार) |
| २ | ३/ राजस्व | सडक उपयोग कर- ( केराबारी गा.पा. वडा नं ४,५,६,७ भएर जाने चोक्टी नाका ) | ११,२५,९००(एघार लाख पच्चीस हजार नौ सय ) | १,००० (एक हजार) |
| ३ | ४/ राजस्व | सडक उपयोग कर-(केराबारी-खोर्सने,आम्जुंगी-बिराटचो आहाले-बासबारी नाका) | २४,७५,९०० (चौबिस लाख पच्चतर हजार नौ सय ) | ३,००० (तिन हजार) |

**नोट: प्रत्येक सी.नं मा उल्लेखित ठेक्काको लागि छुट्टाछुट्टै फारम खरिद गर्नु पर्ने छ । साथै छुट्टाछुट्टै बैंक जमानत वा नगद धरौटी पेस गर्नुपर्ने छ ।**

ठेक्का सम्बन्धि आवस्यक सर्तहरु

१. माथि उल्लेखित ठेक्काबाट कर दस्तुर असुल गर्दा केराबारी गाउँपालिकाले तोकिएको नाका बाट तोकिएको दरमा मात्र असुल गर्नुपर्नेछ ।

२. कर असुली दररेट एवं ठेक्कापट्टाको सर्तहरु बोलपत्र साथ उपलब्ध गराइने छ ।

३. ठेक्काको अवधि ठेक्का स्वीकृत भएको दिन देखि २०७६ असार मसान्त सम्मको लागि मात्र हुने छ ।

४. प्रत्येक ठेक्काको छुट्टाछुटै बोलपत्र फारम खरिद गरि छुट्टा छुटै बोलपत्र पेश गर्नुपर्ने छ ।

५. बोलपत्र पेस कर्ताले खामको बाहिर पट्टि ठेक्काको किसिम तथा पेश कर्ताको नाम स्पस्ट रुपमा उल्लेखित गर्नुपर्ने छ ।

६. शिलबन्दि बोलपत्र साथ व्यक्तिको हकमा नागरिकता को प्रतिलिपि,संस्थाको हकमा दर्ता प्रमाणपत्र ,कर चुक्ता र नविकरणको प्रमाण-पत्र संलग्न हुनुपर्नेछ । धरौटी रकम बोल गरेको अंकको नेपाली नागरिक भएमा ५ % र बिदेशी भएमा १० % रकम केराबारी गाउँपालिकाको नाममा रहेको एन.आइ.सी एशिया बैंक केराबारी शाखाको हि.नं.५६CA५०१४२३५२४००७ धरौटी खातामा जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्ने छ र नगद लाई मान्य दिने छैन ।

७. कबोल गरिएको ठेक्का रकम अंक र अक्षरमा स्पस्ट उल्लेख गर्नुपर्नेछ ,अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ ।

८. शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलिने छ ।

९.सम्झौता समयमा ठेक्का रकम एकमुस्ट बुझाएमा १०% छुट दिइनेछ ।

१०. ठेक्का रकम संझौता समयमा एकमुष्ठ बुझाउनु पर्ने छ , किस्ता बुझाउनको लागि बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

११. बोलपत्र स्वीकृत भएको ७ दिन भित्र संझौता गरी सक्नुपर्नेछ , उक्त अवधिमा संझौता गर्न नआएमा नियम अनुसार कार्यवाही अगाडी बढाइनेछ ।

१२. प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयमले व्यहोर्नु पर्नेछ,मूल्य अभिबृद्धि कर समावेस गरी ठेकेदार स्वयमले उठाई सो सम्बन्धित निकायमा बुझाउनु पर्नेछ ।

१३. ठेकेदारले नेपाल सरकार तथा केराबारी गाउँपालिकाले समय समयमा दिएको निर्देशनलाई पालना गर्नुपर्नेछ र यस गाउँपालिका र ठेकेदार बीच ठेक्काको विषयमा विवाद भएमा गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

१४. केराबारी गाउँपालिकालाई बुझाउनु पर्ने रकम बाँकी बक्यौदा भएका व्यक्तिहरुको बोलपत्र रकम नबुझाए सम्म स्वीकृत गरिने छैन ।

१५. ठेकेदारले राखेको धरौटी रकम ठेक्का अवधि समय समाप्त भए पछि आन्तरिक राजस्व कार्यालयमा आयकर,मुल्यबृद्धि कर तिरेको प्रमाण र केराबारी गाउँपालिकाबाट कर असुलीमा प्रयोग भएको रसिद जाँचबुझ भएपछि मात्र फिर्ता दिइनेछ ।

१६. ठेक्कबोल गर्ने ठेकेदारले केराबारी गाउँपालिकाले तोकिदिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदार आफैले छपाई रसिदहरु गाउँपालिकाबाट कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित बाहेकका रसिदबाट कर उठाएको पाईएमा वा उजुरी परेमा नियम अनुसार कारवाही चलाइनेछ ।

१७.बन्द हड्ताल जस्ता मानव सृजित कारण तथा प्राकृतिकप्रकोपबाट हुने अवरोधका कारण कर छुट वा मिनाहा दिईने छैन ।

१८. एक व्यक्ति वा फर्मको नामबाट खरिद गरेको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१९. विदेशबाट आयकर तिरिसकेको मालसामानमा कर उठाउन पाईने छैन ।

२०. यो सुचना बमोजिमको दाखिला भएको कुनै वा सबै बोलपत्र स्वीकृत  वा अस्वीकृत गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

२१. कर असुलीको दररेट एवं लाग्ने दस्तुरको विवरण सहितको होडिङ बोर्ड ठेकेदारले प्रत्येक संकलन केन्द्रमा सबैले देखिने गरी अनिवार्य रुपमा राख्नुपर्नेछ ।

२२. कुनै एक ठाउँमा राखेको धरौटी रकम अर्को कुनै ठेक्कामा समायोजन वा सदरस्याहा गरिने छैन ।

२३. कुनै सर्त सहिदको बोलपत्र स्वीकृत हुने छैन ।

२४. स्थानीयतहले तोकेको डर भन्दा बढी रकम असुल गरेमा वा संझौतामा उल्लेखित भए बाहेकका मालबस्तुमा कर सेवासुल्क दस्तुर असुल गरेमा वा दोहोरो हुने गरी कर लिएमा त्यस्तो कर बराबरको रकम ठेकेदारले यस कार्यालयमा राखेको धरौटी रकमबाट कट्टा गरी सम्बन्धित पक्षलाई उपलब्ध गराईने छ । ठेक्का सम्बन्धि सम्पूर्ण काम कारबाही सार्वजनिक खरिद ऐन २०६३(संसोधित सहित ) , सार्वजनिक खरिद नियमावली ,२०६४ (संसोधित सहित ) को नियम ८४ बमोजिम हुनेछ ।

२५. ठेक्का स्वीकृत भएपछि ठेक्का लिने पक्षले पान नम्बर लिई ठेक्का वापतको रकम कर कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

२६. सुचनामा उल्लेख नभएको कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत